नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

पौष/माघ २०७६ (January 2020) वर्ष २४/अङ्क २७४

## नयाँ वर्षसँगै नयाँ जीवनको चालमा हिडौं ।

–पाष्टर बर्णबास श्रेष्ठ

हामी जसरी २०१९ साल पार गरेर २०२० सालमा प्रवेश गरेका छौं । धेरै मानिसहरूमा नयाँ सालसँगै नयाँ जोस, उत्साह देख्छौं । कहिले पनि केही गर्छु नभन्नेहरू पनि नयाँ वर्ष आउँदा यो गर्छु भन्ने अठोट लिने गर्दछन् । प्रायः मानिसहरूले भनेको कुरा पूरा गर्दैनन् तर पनि निर्णय लिन्छन् ।

पुरानो जीवनको ढाँचामा नै जीवन बिताउनु, जस्तो छ त्यस्तै चल्छ ठीकै छ, मलाई नयाँ कुराले केही असर गर्दैन भन्नु, कुलो बन्न नचाहनु हो । यदि हामी बग्दैनौं भने पाएको आशिष् थुपारेर बस्छौं भने जसरी नबग्ने पानी पछि गएर नुनिलो पानी बन्छ, त्यसरी नै हामी पनि मीठो पानीको सट्टा नुनिलो बन्न पुग्छौं । फलवन्त जीवन रूखो जीवन बन्न पुग्छ ।

केही हप्ताअघि मात्र मण्डलीका आदरणीय पाष्टर गुरुबाले परमेश्वरबाट यही वचन बाँड्नुभएको थियो ।

२ कोरिन्थी ५:१७, अनुसार "**यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो । पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ ।**"

हामी पुरानो कुराहरूमा अल्झेर बस्यौं भने नयाँ कुरा, नयाँ कामको आशा गर्न सकिदैंन । ख्रीष्टलाई पाउनुभन्दा पहिलेकै पुरानो विचार, जीवनशैली, बोलीवचन, व्यवहार नत्यागेसम्म नयाँ जीवनको ढाँचामा हिँड्न मिल्दैन र सकिदैंन । त्यसैगरी बितेका दिनको समस्या, अभाव, असफलता, अशान्ति, अविश्वास, आशाहिनता, शिथिलतालाई नै पक्रेर बस्ने हो भने नयाँ सृष्टि बनिएको कुरालाई स्वीकार नगर्नु नै हो । उहाँले हामीलाई नयाँ तुल्याउन चाहनुहुन्छ ।

यशैया ४३:१८-१९, "**बितेका कुराहरूलाई भुल, उहिलेका कुराहरूलाई विचार नगर । हेर, म एउटा नयाँ कुरो गर्दैछु ! त्यो अब हुन आउँछ । के तिमीहरू त्यो देख्दैनौ ? म मरुभूमिमा एउटा बाटो र रूखो जमीनमा खोलाहरू बनाउँदैछु ।**"

हामी मानिसहरू आफैसँग भएका कुराहरूमा भन्दा आफूसँग नभएको कुराको लागि धेरै चाहना गर्छौं र त्यसैलाई धेरै महत्त्व दिन्छौं । तर उहाँले हामीलाई यस कुरामा पनि नयाँ तुल्याउन चाहनुहुन्छ ।

एफिसी ४:२२-२३, "**छली लालसाहरूद्वारा भ्रष्ट भएका तिमीहरूको अगाडिको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरूको पुरानो स्वभाव त्याग । र आफ्नो भित्री वर्तावमा नयाँ होओ ।**"

उहाँ हाम्रो कृपालु परमेश्वर हुनुहुन्छ । हामीले हाम्रा लागि कति पटक योजना पनि बनाउन जान्दैनौं तर परमेश्वरले हाम्रा लागि असल योजना बनाउनुभएको छ ।

यर्मिया २९:१०-१३ **परमप्रभु यसो भन्नुहुन्छ, "बेबिलोनको निम्ति सत्तरी वर्ष पूरा भएपछि म तिमीहरूकहाँ आउनेछु, र तिमीहरूलाई यस ठाउँमा फर्काएर ल्याउनेछु भनी मेरो कृपालु प्रतिज्ञा म पूरा गर्नेछु । किनभने जुन योजनाहरू मैले तिमीहरूका निम्ति बनाएको छु, ती म जान्दछु," परमप्रभु भन्नुहुन्छ । "ती तिमीहरूका उन्नतिको निम्ति हुन्, नोक्सानीको निम्ति होइनन् । तिमीहरूलाई आशा र भविष्य दिनलाई । तब तिमीहरू मकहाँ आउनेछौ, र मलाई प्रार्थना गर्नेछौ, र म तिमीहरूको प्रार्थना ध्यानसित सुन्नेछु । जब तिमीहरूले आफ्ना सारा हृदयले मलाई खोज्नेछौ, तब तिमीहरूले मलाई खोजेर पाउनेछौ ।"**

धेरै समय हामी उहाँमा भरोसा राख्न कोशिश् पनि गर्छौं र कतिपय समयमा उहाँमा भरोसा राखेर जिउनुको साटो हामी आफ्नै योजनामा, संसारको कुरामा पनि भरोसा राख्छौं । हाम्रो हृदय विभाजित हुन्छ र हारपूर्ण जीवन जिइराखेका हुन्छौं । तर परमेश्वर हामीलाई विभक्त नहुने जीवन दिन चाहनुहुन्छ ।

इजकियल ११:१९ "**अनि म तिनीहरूलाई विभक्त नहुने हृदय दिनेछु, र तिनीहरूमा एउटा नयाँ आत्मा हालिदिनेछु । म तिनीहरूबाट ढुङ्गाको हृदय निकालेर मासुको हृदय हालिदिनेछु ।**"

परमेश्वर हामीलाई बढ्दै गएको चाहनुहुन्छ । विश्वासमा, काममा, ख्रीष्टको स्वरुपमा बढ्ने कुरामा, उहाँको राज्य फैलाउने कुरामा ।

यशैया ५४:२-३ "**तेरो पालको ठाउँ बढा । तेरो पालका पर्दाहरू तन्का । तेरा डोरीहरू लामो पार, र तेरा कीलाहरू बलियो गर । किनकि तँ बढेर दाहिने र देब्रेतिर फैलिनेछस्, र तेरा सन्तानले जाति-जातिहरूलाई उनीहरू बसेको ठाउँबाट निकाल्नेछन् र उनीहरूका निर्जन सहरहरूमा ती बसोबास गर्नेछन् ।**"

| शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
| **पौष २६** January 11 | पाष्टर सामुएल कार्थक | डीकनेस् रश्मिला तामाङ्ग | पाष्टर अशोक मुखिया | पाष्टर दफ्तन सादा | सहायक पाष्टर रूबेन श्रेष्ठ | डीकन बाबुराम के.सी. | डीकन पुरुषोत्तम न्यौपाने |
| **माघ ४** January 18 | एल्डर सिमोन पाठक | श्री एलिजर तामाङ्ग | एल्डर सामुएल क्षेत्री | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर पिटर लिम्बु | डीकन रुद्र राई | एल्डर घनश्याम दाहाल |
| **माघ ११** January 25 | श्री बिष्णु देउला | श्री शम्भु दंगाल | एल्डर अर्जुन ढकाल | पाष्टर रोबर्ट कार्थक | एल्डर श्रीलक्ष्मी सैंजु | **संयुक्त सेवा ललितपुर चर्चमा** | **संयुक्त सेवा ललितपुर चर्चमा** |
| **माघ १८** February 1 | पाष्टर रोबर्ट कार्थक | एल्डर मान ब. मगर | डीकन सुबोध अधिकारी | पाष्टर बि.बि. खवास | डीकन सिमोन भण्डारी | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर शरण राई |

के हामी यस नयाँ वर्षसँगै नयाँ हुने कुराको लागि तयार छौं ? हामी आफै तयार भयौं भने मात्र उहाँले पनि हामीलाई नयाँ तुल्याउनुहुन्छ । उहाँले हामीलाई हामीले इच्छा नगर्दा नगर्दै, जवरजस्ती नयाँ तुल्याउने काम गर्नुहुन्न । उहाँले आउनेवाला उहाँको राज्यमा सबै कुरा नयाँ बनाउनुहुनेछ ।

प्रकाश २१:५ **"सिंहासनमा विराजमान हुनुहुनेले मलाई भन्नुभयो, "हेर, म सबै कुरा नयाँ तुल्याउँछु ।" उहाँले यसो पनि भन्नुभयो, "यो लेख, यी कुराहरू भरपर्दा र सत्य छन् ।"**

तर अहिले नयाँ हुन नचाहनेहरूले उहाँको आउने राज्यको इच्छा गर्न सक्दैनन् । नयाँ वर्षसँगै नयाँ हुन चाहने, नयाँ हृदय माग्ने, नयाँ योजनाको चाहना गर्ने, नयाँ जीवनको ढाँचामा हिंड्न सकौं, आमेन ।

## मिशनेरीहरूको लागि प्रार्थना

- श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई, भारत)
- पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार-गढवाल, भारत)
- पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने, भारत)
- पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत)
- पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार, बेलायत
- पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत)

उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

## विशेष प्रार्थना

१. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा गर्न देशका सबै मण्डलीहरू र ख्रीष्टियान संघ संस्थाहरू पवित्र आत्माको अगुवाइ र शक्तिमा बोझसाथ लागि पर्न सकून् ।

२. प्रभुको इच्छा र योजना पूरा गर्दै जान देशका सबै विश्वासीहरू साथै मण्डलीहरूका निम्ति पवित्र आत्माको अगुवाइ र निर्देशनको लागि प्रार्थना गरिदिऔं ।

३. अन्धकारको शक्तिका अधार्मिक कामहरू चोरी, डकैती, हत्या, आत्महत्या, लागु पदार्थ दुर्व्यसन, अपहरण, देह व्यापार, चेलीबेटी बेचबिखन, बलात्कार, बाल विवाह आदि जस्ता दुष्टका कामहरूको विरुद्धमा प्रार्थना गरौं ताकि यस्ता अन्धकारका कामहरू हटेर गएको होस् ।

४. चिसोको समयमा, चिसोको कारण हुने बिभिन्न किसिमका रोगबिमारहरूको विरुद्धमा प्रार्थना गरिदिऔं ।

५. मण्डलीका विश्वासीहरू प्रार्थना, वचन पढाइ, प्रशंसा, सुसमाचार प्रचारको काममा इमान्दारी हुन सकून् साथै प्रभुको दोस्रो आगमनको तयारीको लागि पनि तयार हुन सकून् ।

६. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुका जनहरूको निम्ति प्रार्थना गरिदिऔं ।

७. विदेशमा रोजगार, अध्ययनको लागि जानुभएकाहरूले आफ्नो काम, पढाइको व्यस्तताको बीचमा प्रभुलाई नबिर्सिऊन् । उहाँहरूको सुरक्षा, पढाइ, काम साथै परिवारको लागि पनि प्रार्थना गरिदिऔं ।

८. मण्डलीका सम्पूर्ण विश्वासीहरू प्रभुसँगको घनिष्ठतामा दिन प्रतिदिन बढ्दै जान सकून् साथै मण्डलीको सेवा संगतिहरूमा सहभागी भई आफै पनि ख्रीष्टमा बनिँदै साथै एकअर्कालाई उत्साह दिँदै र बनाउँदै जान सकून् ।

९. प्रभुदेखि टाढा भएकाहरू, अधुरा घर-घरानाकाहरू साथै सुसमाचार सुनेर पनि विश्वास नगर्नुभएकाहरू सबै समय छँदा नै परमेश्वरकहाँ आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

१०. मण्डलीको विश्वासीहरूले परमेश्वरको प्रेम र ख्रीष्ट येशू प्रभुमा पाइने सित्तैको मुक्तिको सुसन्देशको निम्ति असल साक्षी र गवाही बन्न सकून् भनी प्रार्थना गरिदिऔं ।

११. नेइमअन्तर्गतका छोरी मण्डलीहरू, शाखा आवद्ध मण्डलीहरू, सानो ठूला संगति झुण्डहरूमा सेवकाइ गर्नुहुने सेवक/सेविकाहरूको लागि प्रार्थना गरिदिऔं साथै यी मण्डली तथा संगतिहरूमा सेवकाइ गर्नुहुने सेवक/सेविकाहरूको कमी नभएको होस् भनी प्रार्थना गरिदिऔं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | गोदावरी | जोरपाटी | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|
| **पौष २६**<br>January 11 | पाष्टर<br>रोल्याण्ड रोंगोंग | श्री<br>लेखनाथ पौडेल | एल्डर<br>लाक्पा लामा | श्री<br>अमृत लामा | एल्डर<br>गोपी राई | श्री<br>कृष्ण श्रेष्ठ | पाष्टर<br>रोबर्ट कार्थक | **संयुक्त सेवा**<br>**गोंगबूँ चर्चमा** | एल्डर<br>जोरविर राई |
| **माघ ४**<br>January 18 | डीकन<br>आनन्द न्यौपाने | पाष्टर<br>रोबर्ट कार्थक | डीकन<br>पेशल राई | डीकनेस्<br>रुष लामा | डीकन<br>कृष्ण तामाङ्ग | एल्डर<br>लाक्पा लामा | एल्डर<br>बि.एन. पण्डित | डीकन<br>पूर्ण पाखिन | एल्डर<br>छोदेन कार्थक |
| **माघ ११**<br>January 25 | **संयुक्त सेवा**<br>**ललितपुर चर्चमा** | पाष्टर<br>प्रेम श्रेष्ठ | डीकनेस्<br>चिनु घ्लान | डीकन<br>सुनिल मुनिकार | एल्डर<br>गोपी राई | श्री<br>कृष्ण श्रेष्ठ | पाष्टर<br>कर्ण ब. तामाङ्ग | एल्डर<br>छोदेन कार्थक | श्री<br>कुमार राई |
| **माघ १८**<br>February 1 | डीकन<br>कृष्ण नगरकोटी | एल्डर<br>दानियल सापकोटा | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>अष्ट श्रेष्ठ | डीकन<br>कृष्ण तामाङ्ग | डीकन<br>पेशल राई | पाष्टर<br>बर्णबास श्रेष्ठ | पाष्टर<br>कर्ण ब. तामाङ्ग | **संयुक्त सेवा**<br>**धापासी चर्चमा** |

## हार्दिक शुभ कामना



आदरणीय पाष्टर गुरुबा रोबर्ट कार्थक यही पौष २६ गते/जनवरी १० तारिख शुक्रबार ९४ वर्ष पूरा गरी ९५ औं वर्षमा प्रवेश गर्नुभएकोमा नेइमका सम्पूर्ण परिवारको तर्फबाट हार्दिक शुभ कामना व्यक्त गर्दछौं साथै उहाँको सम्पूर्ण आशिष्मय जीवन र सेवकाइको निम्ति परमेश्वर पितालाई धन्यवाद चढाउँछौं। आगामी दिन र वर्षहरूमा पनि पवित्र आत्माको भरपूरीमा परमेश्वरबाटको अझ प्रशस्त आशिष्को लागि प्रार्थना गर्दछौं।

## जानकारी



बालुवापाटी बस्नुहुने नेइम बालुवापाटी मण्डलीकी सदस्य श्रीमती भिममाया मगर ३५ वर्षको उमेरमा पौष ५ गते/डिसेम्बर २१ तारिख शनिबारका दिन प्रभुमा सुत्नुभयो।

## हार्दिक बधाई



मंसीर २३ गते/डिसेम्बर ९ तारिख सोमबार नेइम गोंगबूँ मण्डलीकी सदस्य सुश्री **सरस्वती महिमा तामाङ्ग** र कुनेढुङ्गा मण्डली, कोटेश्वरको सदस्य **श्री सनिस रुम्बा**को पवित्र विवाह नेइम गोंगबूँ मण्डलीमा सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान/श्रीमती **सनिस** र **सरस्वती महिमा रुम्बा**लाई नेइम मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं।



मंसीर २४ गते/डिसेम्बर १० तारिख मंगलबार नेइम जोरपाटी मण्डलीको सदस्य **श्री पासाङ तामाङ्ग** र आई एफ.जि.एफ. मण्डली, आँबुखैरेनीकी सदस्य सुश्री **संगीता मगर (किङ्गरिङ्ग)** को पवित्र विवाह आई एफ.जि.एफ. मण्डली, आँबुखैरेनीमा सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान/श्रीमती **पासाङ** र **संगीता तामाङ्ग**लाई नेइम मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं।



मंसीर ३० गते/डिसेम्बर १६ तारिख सोमबार नेइम जोरपाटी मण्डलीको सदस्य **श्री अनुप लामा** र सुश्री **अमृता मोक्तान**को पवित्र विवाह नेइम जोरपाटी मण्डलीमा सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान/श्रीमती **अनुप** र **अमृता लामा**लाई नेइम मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं।

## जानकारी

- पौष ५ गते/डिसेम्बर २१ तारिख शनिबार नेइम धापासी मण्डलीमा श्री मत्ती सरल, श्री हेमराज आलेलाई डिकन र श्रीमती उमा अर्याललाई डिकनेस् अभिषेक गरियो।

## जनवरी महिनाको कार्यक्रम

- माघ १ गते/जनवरी १५ तारिख बुधबार बिहान १०:०० बजे **नेइम महिला उपवास प्रार्थना** आ-आफ्नै मण्डलीमा।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २० 5<br>विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं।<br>एज्रा ७:९-१० | २७ 12<br>देशका सम्पूर्ण मण्डलीका सेवक/सेविका साथै मण्डली परिवारको लागि सुरक्षा मागिदिऔं ।<br>भजनसंग्रह ५:११-१२, १२५:१-३ | ५ 19<br>विभिन्न देशमा रोजगार, अध्ययन र अन्य कामको लागि गएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>१ तिमोथी २:१-५, २ पत्रुस ३:८-९ | १२ 26<br>नेपालमा भएका सम्पूर्ण विश्वासीहरूको जीवनको असल साक्षीद्वारा पनि धेरै मानिसहरू प्रभुमा आउन सकून् ।<br>एफिसी ४:१७-३२ |
| **सोमबार**<br>Monday | २१ 6<br>व्यक्तिगत, पारिवारिक र सामूहिक रूपमा चढाइने प्रार्थना आफ्ना विचारअनुसार मात्र होइन तर परमेश्वरको इच्छाअनुसार प्रार्थना गर्न पवित्र आत्माको अगुवाइ मागौं ।<br>१ यूहन्ना ५:१४-१५ | २८ 13<br>मण्डलीका सबै जवानहरू प्रार्थनाको साथै वचनमा आधारित जीवन जिउन पवित्र आत्माले नै सहायता गरून् ।<br>भजनसंग्रह ११९:९ | ६ 20<br>येशू प्रभुलाई विश्वास गरेकाहरू साँचो अर्थमा पूर्ण रूपमा परिवर्तित जीवनमा परमे श्वरलाई पछ्याउनेहरू हुन सकून् ।<br>एफिसी ५:१-१३ | १३ 27<br>मण्डलीका सबै विश्वासीहरू आफै पनि वचनमा पाको हुँदै जानुको साथै एकअर्कालाई पनि वचनमा हुर्काउनेहरू हुन सकौं ।<br>भजनसंग्रह ११९:१-१८ |
| **मंगलबार**<br>Tuesday | २२ 7<br>परमेश्वरबाटको उत्तम प्रतिज्ञाहरू जो हाम्रो लागि दिनुभएको छ, सो प्रतिज्ञाहरू घोषणा गर्दै र दाबी गर्दै आशिषित भएर जिउनेहरू हुँदै जान सकौं ।<br>२ पत्रुस १:३-४ | २९ 14<br>मण्डलीका विश्वासीहरूको जीवनमा आइपर्ने दु:ख, कष्ट, सतावट तथा समस्याहरूमा स्थिर रहनको साथै समाधानको लागि प्रार्थना गरौं ।<br>भजनसंग्रह ४६:१-११ | ७ 21<br>पढाइ र कामको क्षेत्रमा रहेका जवानहरू इमान्दार भएर परमेश्वरको साक्षीपूर्ण जीवन जिउन सकून् र उनीहरूको जीवनमा परमेश्वरको आशिष् र ज्ञान बुद्धि मागिदिऔं ।<br>हितोपदेश ९:१०, याकूब १:५ | १४ 28<br>मण्डलीलाई परमेश्वरले देखाउनुभएको बाटोमा हिँड्नको लागि पवित्र आत्माको उपस्थिति र अगुवाइ मागिदिऔं ।<br>भजनसंग्रह २५:४-५ |
| **बुधबार**<br>Wednesday | २३ 8<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीहरू र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>मत्ती ५:१३-१६ | १ माघ 15<br>मण्डलीका विश्वासीहरूको परिवारमा पारिवारिक वेदी कहिल्यै ननिभेको होस् ।<br>लेवी ६:१२-१३ | ८ 22<br>दु:ख-कष्ट, अभाव-घटी, पारिवारिक समस्या विभिन्न कारणले थाकेकाहरू साथै रोगी बिरामीहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४०:२७-३१ | १५ 29<br>प्रभुबाटको बोलावटमा प्रभुको महिमाको निम्ति जवानहरू आज्ञाकारी हुन सकून् ।<br>यशैया ६:८ |
| **बिहीबार**<br>Thursday | २४ 9<br>नेपालका सम्पूर्ण मण्डलीका विश्वासी-हरूमा आइपर्ने कुनै पनि समस्याको कारण विचलित नभई प्रभुमा, वचन र प्रार्थनामा स्थिर रहन सकून् ।<br>भजनसंग्रह १२१:१-८, यशैया २६:३-४ | २ 16<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>यशैया ५७:१४-१९ | ९ 23<br>पूर्व मेचीदेखि पश्चिम महाकाली, उत्तरी हिमाल, पहाडदेखि दक्षिण तराईसम्मका सम्पूर्ण मण्डलीका अगुवा साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह १०५:१४-१५ | १६ 30<br>मण्डलीका सबै आमा बुवा तथा अभिभावकहरूले छोराछोरीहरूलाई प्रभुको प्यार, प्रेम, शिक्षा, अनुशासनमा हुर्काउन सकून् ।<br>एफिसी ६:४ |
| **शुक्रबार**<br>Friday | २५ 10<br>रोगी बिमारीहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>मत्ती ४:२४-२५ | ३ 17<br>आराधना सेवाहरूमा वचनको सेवकाइ गर्नुहुनेहरू साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ५५:१-३, १०-११ | १० 24<br>प्रत्येक शनिबार मण्डलीमा आउनुहुने खीष्ट प्रभुलाई विश्वास नगर्नुभएका सबैले खीष्ट प्रभुले दिनुहुने पाप-क्षमा र सितैंको मुक्ति विश्वासद्वारा ग्रहण गर्न सकून् ।<br>यशैया ४५:१८-२२, ५५:१-३ | १७ 31<br>आराधना सेवामा आउने हामी परमेश्वरका छोराछोरीहरू सधैँ प्रभुको उपस्थितिको चाहना लिएर आउन सकौं ताकि हामी प्रभुमा बढ्दै जान सकौं ।<br>उपदेशक ५:१-६, २ कोरिन्थी ३:१७-१८ |
| **शनिबार**<br>Saturday | २६ 11<br>आज हुने देशभरिका आराधना सेवाहरूद्वारा एक मात्र जीवित परमेश्वरलाई महिमा होस् ।<br>भजनसंग्रह ४७:१-९ | ४ 18<br>सारा विश्वव्यापी मण्डलीहरूमा संख्यात्मक वृद्धि, मात्र होइन तर आत्मिक जागृतिको साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>१ पत्रुस १:१५-१६ | ११ 25<br>आज हुने आराधना सेवाद्वारा मण्डली अझै आशिषित् भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्न सकून् ।<br>प्रेरित ४:१२-२१ | १८ February 1<br>मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकून् ।<br>भजनसंग्रह १४७:१-२० |

**"किनभने जुन योजनाहरू मैले तिमीहरूको निम्ति बनाएको छु, ती म जान्दछु," परमप्रभु भन्नुहुन्छ । "ती तिमीहरूका उन्नतिका निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्, तिमीहरूलाई आशा र भविष्य दिनलाई ।"**

**(यर्मिया २९:११)**